प्रदेश ३

अनुसूची-२

(दफा ३ सँग सम्बन्धित)

सवारी साधन कर

| सवारीको विवरण | वार्षिक कर दर | | | कैफियत |
|---|---|---|---|---|
| | प्रदेश सरकार | स्थानीय तह | एकल कर | |
| १. निजी सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः- | | | | |
| (क) कार, जिप, भ्यान, माइक्रो बस | | | | |
| (अ) १००० सी.सी सम्म | १२,५४०/- | ८,३६०/- | रु. २०,९००/- | |
| (आ) १००१ देखि १५०० सी.सी सम्म | १३,८६०/- | ९,२४०/- | रु. २३,१००/- | |
| (इ) १५०१ सी.सी. देखि २००० सी.सी. सम्म | १५,१८०/- | १०,१२०/- | रु.२५,३००/- | |
| (ई) २००१ सी.सी देखि २५०० सी.सी सम्म | २१,१२०/- | १४,०८०/- | रु. ३५,२००/- | |
| (उ) २५०१ सी.सी देखि २९०० सी.सी. सम्म | २४,४२०/- | १६,२८०/- | रु.४०,७००/- | |
| (ऊ) २९०१ सी.सी. देखि माथि सबै | ३४,९८०/- | २३,३२०/- | रु. ५८,३००/- | |
| (ख) डोजर,एक्साभेटर,लोडर,रोलर,ट्रिपर,क्रेन जस्ता मेशिनरी उपकरण र मिनटिपर | | | | |
| (अ) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन, जस्ता, मेशिनरी उपकरण | ३०,०००/- | २०,०००/- | ५०,०००/- | |
| (आ) मिनीटिपर | १६५००/- | ११०००/- | रु. २७,५००/- | |
| (ग) ट्रेक्टर, पावर टिलर | | | | |
| (अ) ट्रेक्टर | ३०००/- | २०००/- | ५०००/- | |
| (आ) पावर टिलर | १९८०/- | १३२०/- | ३३००/- | |
| (गैर कृषि प्रयोजनका लागि एकल कर प्रशासन अन्तर्गत वार्षिक कर दर रु. १५०००/- हुने जसमा प्रदेश सरकारको ९०००/- र स्थानियको ६०००/- रहने।) | | | | |
| (घ) मिनिट्रक/मिनिबस | १४,५२०/- | ९,६८०/- | रु. २४,२००/- | |
| (ङ) ट्रक/बस | १९,८००/- | १३,२००/- | रु. ३३,०००/- | |
| (च) मोटर साइकल | | | | |
| (अ) १२५ सी.सी. सम्म | १,६५०/- | १,१००/- | रु. २,७५०/- | |
| (आ) १२६ देखि २५० सी.सी. सम्म | २,६४०/- | १,७६०/- | रु. ४,४००/- | |
| (इ) २५१ देखि ४०० सी.सी. सम्म | ५,२८०/- | ३,५२०/- | रु. ८,८००/- | |
| (ई) ४०१ सी.सी. र सो देखि माथि | ९,९००/- | ६,६००/- | रु. १६,५००/- | |
| २. भाडामा दर्ता भएका सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः- | | | | |
| (क) कार, जिप, भ्यान, माइक्रो बस | | | | |
| (अ) १३०० सी.सी सम्म | ५,२८०/- | ३,५२०/- | रु. ८,८००/- | |
| (आ) १३०१ सी.सी. देखि २००० सी.सी सम्म | ५,९४०/- | ३,९६०/- | रु. ९,९००/- | |
| (इ) २००१ सी.सी. देखि २९०० सी.सी.सम्म | ७,२६०/- | ४,८४०/- | रु. १२,१००/- | |
| (ई) २९०१ देखि ४००० सी.सी. सम्म | ८,५८०/- | ५,७२०/- | रु. १४,३००/- | |
| (उ) ४००१ सी.सी. र सो भन्दा माथि सबै | ९,९००/- | ६,६००/- | रु. १६,५००/- | |
| (ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण | ३०,०००/- | २०,०००/- | रु. ५०,०००/- | |
| (ग) ट्रेक्टर र पावर टिलर | | | | |
| (अ) ट्रेक्टर | ३,०००/- | २,०००/- | ५,०००/- | |

प्रदेश. ३

| | | | | |
|---|---|---|---|---|
| (आ) पावर टिलर<br>(गैर कृषि प्रयोजनका लागि एकल कर प्रशासन अन्तर्गत वार्षिक कर दर रु. १५०००/- हुने जसमा प्रदेश सरकारको ९०००/- र स्थानियको ६०००/- रहने। | १९८०/- | १३२०/- | ३,३००/- | |
| (घ) मिनिट्रक, मिनिबस | ७,९२०/- | ५,२८०/- | रु. १३,२००/- | |
| (ङ) मिनी ट्रिपर | ९,२४०/- | ६,१६०/- | रु. १५,४००/- | |
| (च) ट्रक, बस | ९,२४०/- | ६,१६०/- | रु.१५,४००/- | |

| | |
|---|---|
| ३. | तपसीलमा उल्लेख भएका सवारी साधनहरुलाई भाडामा दर्ता भएका सवारी साधनमा लाग्ने सरह कर लाग्ने छ:-<br>(क) नेपाल सरकार र प्रदेश सरकारको नाउँमा दर्ता भएका,<br>(ख) गाउँपालीका, नगरपालिका र जिल्ला समन्वय समितिको नाउँमा दर्ता भएका। |
| ४. | विधुतिय माध्यमबाट सञ्चालित सवारी साधनमा सवारी साधन कर लाग्ने छैन। पेट्रोलियम पदार्थ बाहेक अन्य इन्धनद्वारा सञ्चालन हुने सवारी साधनमा लाग्ने सवारी साधन करमा बीस प्रतिशत छुट हुनेछ। |
| ५. | सुरु पैठारी मितिले एक वर्षभन्दा कम अवधि भएमा दामासाहीले सवारी साधन कर कट्टा गरिनेछ। तर व्यापार मौज्दातमा रहेका सवारी साधनमा यस्तो कर लाग्ने छैन। |
| ६. | सवारी साधन बिग्रेको वा अन्य कुनै कारणबाट सो सवारी साधन चलाउन नपाएको भनी प्रदेश सरकारले टह्याएको कुनै व्यक्ति वा संस्थाको नाममा दर्ता भएको सवारी साधनलाई सवारी साधन कर लाग्ने छैन। |
| ७. | बागमती अञ्चलमा दर्ता भई उत्पादनका मितिले पन्ध्र वर्षभन्दा पुराना २० वर्ष नकटेका सवारी साधनहरुलाई लाग्ने सवारी साधन करमा चौध वर्षभन्दा बढीको प्रत्येक वर्षका लागि पाँच प्रतिशतका दरले थप गरी सवारी साधन कर लाग्नेछ। तर यस्तो थप गरिएको रकम सवारी साधनको लागि तोकिएको कर रकमभन्दा बढी हुने छैन। |
| ८. | भाडाका बस, मिनीबस तथा माइक्रोबसका सवारी साधनले विद्यार्थीलाई सहुलियतको रुपमा भाडाका छुट दिएबापत त्यस्ता सवारी साधनका धनीले तिर्नुपर्ने सवारी साधन करमा साठी प्रतिशत छुट पाउनेछन्। |
| ९. | जुनसुकै सवारी साधनका धनीले चाहेमा लाग्ने सवारी साधन कर प्रचलित दरका आधारमा एकमुष्ट रुपमा पाँच वर्षसम्मका लागि एकैपटक भुक्तानी गरी नवीकरण गराउन सक्नेछन्। यसरी अग्रिम रुपमा पाँच वर्षको सवारी साधन कर एकमुष्ट बुझाई नवीकरण गराएमा लाग्ने सवारी साधन करमा दस प्रतिशत छुट हुनेछ। |
| १०. | सार्वजनिक संग्रहालयमा प्रदर्शनीका लागि राखिएका तीस वर्षभन्दा पुराना सवारी साधनलाई वार्षिक तिर्नुपर्ने सवारी साधन कर लाग्ने छैन। |
| ११. | यस ऐनमा अन्य जुनसुकै कुरा लेखिएको भए तापनि दमकल, एम्बुलेन्स तथा शव वाहनलाई सवारी साधन कर लाग्ने छैन। |
| १२. | बीस लाख रुपैंयाभन्दा बढीको सवारी साधन खरिद गर्दा सम्बन्धित सवारी साधन क्रेताले एकाउन्ट पेयी चेकबाट मात्र बिक्रेतालाई रकम भुक्तानी गर्नुपर्नेछ। |
| १३. | यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने गरी बनाईका १५० सी.सी. सम्मका स्कुटरमा सवारी साधन कर लाग्ने छैन। |
| १४. | नेपालमा हाल सञ्चालनमा रहेका पुराना ट्रकलाई नेपालमा नै बन्द कन्टेनरको रुपमा रुपान्तरण गर्न निवेदन दिने सवारी साधनका धनीलाई निजले बुझाउनुपर्ने सवारी साधन कर बापत पचास हजार रुपैंया वा चार वर्षको सवारी साधन कर बापत हुन आउने रकममध्ये जुन घटी हुन्छ सो बराबरको रकम छुट दिइनेछ।<br>तर यस्तो छुट सुविधा दश वर्ष भन्दा पुराना ट्रकहरुलाई दिइने छैन। |
| १५. | प्रदेश सरकारले जफत गरी लिलाम बिक्री गरेको सवारी साधनमा सो मिति भन्दा अगाडिको अवधिको कर लाग्ने छैन। |